


# माटोको उर्वराशक्ति वढाउन संतुलीत मलको प्रयोग

बुढी :- हरे राम.. कस्तो जमाना आयो अवत । आफ्नो वाउ वाजेको भए भरको रेखो पाखो वेचेर, सवैलाई शहरौं घर बनाउन पर्ने रे .. । त्यो पैसो त्यहि गाउँमै खर्च गरे गाउँको विकास हुन्छ भनेर कस्तो नसोचेका होलान, आज भोलीका मान्छेले ।

जेटिए:- के भो आमा ? किन गुनगुनाउनु भएको के पऱ्यो त्यस्तो तपाइलाई ?

बुढी :- गाउँका अलि पढेलेखेका मान्छे भनाउदा सवै शहरमा रमाउन थाले, गाउँमा फर्कि त इज्जत जान्छ जस्तो हुन लाग्यो भन्या नी छोरा ।

जेटिए:- त्यहि त हामीले आफ्नो गाउँको विकासमा आफै लागी पर्नु पर्छनी । त्यो कुरो सवैले वुझ्न पर्ने हो ।

बुढी :- लौ, यस्ते रैछ छोरा, दैवको लिला अपरम्पार । साँच्ची छोरा, मेरो खेतवारीको माटो त खतमै भयो के गर्ने होला ?

जेटिए:- कसरी खत्तम भयो भन्नु भएको आमाले ?

बुढी :- कसरी भन्नुनी छोरा कति मरि मेटर जग्गा खनजोत गऱ्यो, वाली लगायो, त्यहि वाली राम्रो होला भनेर खलखल पसिना बगायो, वाली त झन झन विलाउन पो थाल्यो हेरन ?

जेटिए:- ए . . त्यसो भएर माटो विग्रीयो भन्नु

भएको आमाले ?

बुढी :- माटोकै कारणवाट वाली नराम्रो भएको हैन त ?

जेटिए:- हो आमा माटोको उर्वराशक्ति कम भयो भने वाली विरुवा राम्रो सँग फस्टाउन सक्दैन अनि त उत्पादन पनि कम हुन्छ ।

बुढी :- त्यहित छोरा, अब माटोको उर्वराशक्ति बढाउन हामीले के गर्नु पऱ्यो त्यो कुरा भनन वा ।

जेटिए:- तपाई संग एउटा कुरा सोध्छु आमा । तपाईले वाली लगाउदा कृषिले सिफारीस गरे अनुसार खनजोत,मल जल गर्ने गर्नु भएको छ त ? .

बुढी :- ए छोरा, खनजोत त हामी मज्जाले गर्छौं तिमिले भनिरहनु पर्दैन । उहि मल चाहीं भनेको वेलामा कृषिले सिफारीस गऱ्या सवै थरिको पाउन सकिदैन । त्यहि भएर कहिले यूरिया र कम्प्लेक्स, कहिले यूरिया र डि.ए.पी. कहिले चीनीमल त्यहि हो छोरा ।

जेटिए:- भनेपछि बजारमा जुन पाइन्छ त्यहि ल्याएर प्रयोग गर्नु हुन्छ ?

बुढी :- त्यो त्यहित हो नि छोरा । आफु मल लिन गाको वेलामा जुन मल पाइन्छ त्यहि मल ल्यायो, खेतवारीमा हाल्यो वस .. ।

जेटिए:- (हाँसेर) त्यसरि बजारमा जून पाइन्छ, त्यहि मल एक थरि या दुई थरि मात्र हालेर पुग्छ त ? त्यसैले तपाईले लगाउनु भएको बाली विरुवा राम्रो नभएको ?

बुढी :- अव के गर्ने त छोरा ?

जेटिए:- सवै भन्दा पहिले आफ्नो खेतवारीको माटोको जाँच गराउने । माटो जाँच गराएपछि माटोको अवस्था कस्तो छ कुन तत्व कति मात्रामा प्रयोग गनु पर्छ ? कृषि चून हाल्नु पर्छ पर्दैन ? कुन खालको वाली लगाए राम्रो उत्पादन पाउन सकिन्छ ? ती सवै कुरा माटो जाँच गराएपछि थाहा पाउन सकिन्छ ।

बुढी :- ए.., त्यसो भए सवै भन्दा पहिलो माटो जाँच नै गराउन पऱ्यो हैन त छोरा ?

जेटिए:- हो आमा, सवै भन्दा पहिले माटो जाँच गराउनु पऱ्यो र सोही आधारमा वाली लगाउने गर्नु पऱ्यो ।

बुढी :- यो माटो जाँच गर्ने ठाउ कहाँ काँहा छ त छोरा ?

जेटिए:- माटो जाँच्ने ठाउँ पूर्वाञ्चलमा कृषि अनुसन्धन केन्द्र तरहरा, कृषि अनुसन्धान केन्द्र धनकुटा, मध्यमान्चलमा. माटो विज्ञान महाशाखा खुमलटार ललितपुर, पश्चीमान्चलमा क्षेत्रीय कृषि तालीम केन्द्र खैरेनीटार र भैरहवा, मध्यपश्चिमान्चलमा नेपालगंज खजुरामा माटो परिक्षण गर्ने गरिन्छ ।

बुढी :- ए. . भने पछि आफुलाई कुन ठाउँमा पायक पर्छ सोहि ठाउमा माटोको नमूना लिएर जानु पऱ्यो हैन त बाबु ?

जेटिए:- हजुर, हो आमा ।

बुढी :- अनि छोरा माटोको नमूना निकाल्दा कुन हिसावले निकाल्नु त ?

जेटिए:- एक रोपनि जग्गावाट त्यस्तै १५-२० ठाउँवाट र एक कठ्ठावाट हो भने १२-१५ ठाउवाट माटोको नमूना निकाल्नु पर्छ । र माटोको नमूना निकाल्दा माथील्लो सतहको झारपात हटाएर ९ इन्च जति गहिरो सोली आकारको खाल्डो खन्ने र सोही खाल्डोको माथी देखि तल सम्मको एक इन्च जति वाक्लो चपरी आउने गरि निकालेर सवै एकै ठाउँमा जम्मा पार्ने ।

बुढी :- ओ हो त्यत्रो विधी माटो सबै जचाउन कसरी पठाउनु ?

जेटिए:- सबै माटो पठाउने होइन आमा । पहिले माटो सफा गर्ने र एउटा भाँडोमा राखेर चार भाग लगाउने त्यस मध्ये दुई भाग हटाएर दुई भागलाई एकै ठाउँमा मिसाएर पुन चार भाग लगाउने र दुइ भाग फाल्ने यहि क्रम वाट भाँडोमा आधा किलोजति माटो वाँकी भए पछि एउटा प्लाष्टीकको थैलोमा राखेर सिसाकलमले आफ्नो नाम ठेगाना, जग्गाको किसिम अवल, दोयम, सिम, सबै कुरो खुलस्त लेखेर जाँच गराउन पठाउनु पर्छ आमा ।

बुढी :- माटो जाँच गराएपछि के तत्वकमी छ कुन वाली लगाए राम्रो हुन्छ, कुन मल कति हाल्नु पर्छ सबै थाहा हुन्छ हैन छोरा ?

जेटिए:- सबै भन्दा पहिले कुन वालीको लागी कति मात्रामा मलखादको प्रयोग गर्न सिफारीस गरेको छ त्यो थाहा पाउन पऱ्यो र सोहि अनुसार मात्रा मिलाएर मलको प्रयोग गरि वाली लगायो भने राम्रो उत्पादन पाउन सकिन्छ आमा ।

बुढी :- अनि कम्पोष्ट मल पनि त हाल्नु पऱ्यो नी छोरा । कि पर्दैन ?

जेटिए:- पर्छ आमा पर्छ । कम्पोष्ट या कुहिएको गोठे मल त प्रसस्त मात्रामा प्रयोग गर्नु पर्छ । कम्पोष्ट या गोठे मल प्रयोग गर्दा वाली लगाउनु भन्दा पहिले खनजोत कै समयमै प्रति रोपनि ५०-६० भारी र प्रति कठ्ठामा एक गोरु गाढाको दरले सबै तिर माटोमा मिलाई दिने गर्नु पर्छ ।

बुढी :- यो कम्पोष्ट मल त माटोको लागी सारै उपयोगी हुन्छ रेनी हो छोरा ?

जेटिए:- हो आमा, कम्पोष्ट या गोठे मलमा थोरै मात्रामा भएपनि वाली विरुवालाई चाहीने प्राय सबै प्रकारका तत्वहरु हुन्छन । त्यसैले वाली विरुवाको लागी कम्पोष्ट मल उपयोगी मानीएको हो आमा ।

बुढी :- वाली विरुवालाई हुर्कन बढन १६ किसिमका तत्वहरुको आवश्यकता पर्छ भनेको होईन छोरा ?

जेटिए:- हो आमा । सबै भन्दा बढी नाइट्रोजन, फोस्फरस र पोटास तत्वको आवश्यकता पर्छ भने अरु तत्वहरु कम मात्रामा चाहीने भएपनि नभै हुदैन ।

बुढी :-मान्छेलाई पनि त सन्तुलीत खाना चाहीन्छनी हैन छोरा ।

जेटिए:- त्यसैले त भनेको नी वाली विरुवा हुर्कन बढन पनि सन्तुलीत मलखादको प्रयोग गर्नु पर्छ भनेर । माटो उवर्रा भयो भने वाली विरुवा राम्रो हुन्छ ।

बुढी :- आफ्नो जग्गाको माटोनै राम्रो हुन पऱ्यो हैन त छोरा ।

जेटिए:- हो आमा माटोले वाली विरुवालाई आवश्यक पर्ने पौष्टिक तत्वहरु दिन्छ । लगातार खेती गरिरहदा माटोमा भएका पौष्टिक तत्वहरु हामीले लगाएको वाली विरुवाले लिएर, पानीसंग चुहिएर तथा उडेर कम हुदै जान्छ । यसरी पौष्टिक तत्व माटोवाट सकिदै गएपछि वोट विरुवालाई चाहीएको मात्रामा पौष्टिक तत्व उपलव्ध हुन सक्दैन र वाली राम्रो हुदैन ।

बुढी :- तिम्रो भनाई अनुसार माटोमा सिफारीस गरेको मात्रामा नाइट्रोजन, फोस्फरस तथा पोटास तत्व युक्त मलको मात्रा मिलाएर प्रयोग गर्नु पऱ्यो ।

जेटिए:- हो, त्यसै गर्नु पर्छ । कम्पोष्ट मलको साथमा सिफारीस मात्रामा नाइट्रोजन फोस्फरस तथा पोटास तत्वयुक्त मलको प्रयोग गरेर वाली लगायो भने र समय समयमा हेर विचार गर्दै रहयो भने राम्रो उत्पादन पाउन सकिन्छ ।

बुढी :- हामीले, यूरिया अथवा एमोनियम सल्फेट र कम्प्लेक्स अथवा डि.ए.पी. भन्ने त दिने गरेको हो छोरा तर त्यो पोटास भन्या चाँहीं थाहा भएन ।

जेटिए:- पोटास तत्वयुक्त मल पनि दिनै पर्छ आमा । हुन त पोटास सबै प्रकारको माटोमा हुन सक्छ । त्यसैले माटोमा आवश्यक मात्रामा पोटास तत्व भएसम्म पोटास मल नदिए पनि वाली राम्रो हुन्छ । तर वाली लगाउदै जाँदा माटोमा भएको पोटास तत्व पनि सकिदै जान्छ र आवश्यक पौष्टिक तत्व नभएपछि वाली राम्रो हुने कुरै भएन ।

बुढी :- सबै मलको आ-आफ्नै काम हुने रहेछ, हैन छोरा ?

जेटिए:- हो. . सबै किसिमको मलहरुको आ-आफ्नै काम हुने भएकोले, एउटा मल दिएपछि अर्को दिनु पर्दैन भन्ने धारणा गलत हो आमा ।

बुढी :- अवत थाहा भयोनी छोरा ।

जेटिए:- त्यसैले आमा । आफुले लगाएको वाली अनुसार कति मात्रामा कुन कुन मल प्रयोग गर्नु पर्छ त्यो थाहा पाउनु पर्छ र सोहि मात्रामा कम्पोष्ट मलको साथमा नाइट्रोजन, फोस्फरस तथा पोटास तत्वयुक्त मल दिनै पर्छ ।

बुढी :- थाहा भएपछि त बाबुले भने अनुसार गरि हाल्छुनी । आफैलाई राम्रो हुने कुरो ।

जेटिए:- अनि आमा । मल प्रयोग गर्दा पनि के कुराको विचार गर्नु पर्छ भने कुन मल कति बेला दिने त्यो पनि थाहा पाउनु पर्छ ।

बुढी :- ए . . होर ?

जेटिए:- हो आमा । वाली विरुवाको लागी मल दिंदा, कम्पोष्ट या अन्य हरियो मल पहिले खेत खन जोतकै समयमा माटोमा मिसाउने । त्यसपछि वाली लगाउनु भन्दा पहिले अन्तिम जोताईको समयमा फोस्फरस र पोटास तत्वयुक्त मल सिफारीस गरेको पुरै मात्रा र नाइट्रोजन युक्त मलको सिफारीस गरेको मात्राको आधा मात्रा अन्तीम जोताईमा माटोमा मिलाई वाली लगाउने र बाँकी आधा पछि गोडमेल गरेर टपड्रेस को रुपमा प्रयोग गरि दिने गर्नु पर्छ ।

बुढी :- मल चाहीं तिमिले भने अनुसार नै दिने गर्नु पऱ्यो, हैन छोरा ?

जेटिए:- पऱ्यो आमा पऱ्यो । माटोको किसिम र लगाईने वाली अनुसार आवश्यक मात्रामा मल त दिनै पऱ्यो ।

बुढी :- सबै ठाउँको माटो त एकै किसिमको हुदैन नी छोरा । कतै ठचाम्मै बाली नै नहुँने पनि हुन्छ ?

जेटिए:- त्यहित माटो जाँच गराएर वाली लगाउनु पर्छ भनेकोनी आमालाई, अव वाली नहुने जग्गा छ भने रुख विरुवा लगाउने, डाले घाँसका बोट विरुवा लगाउने । सबै आफैलाई आवश्यक पर्ने त हुन् नि ।

बुढी :- रुख विरुवा पनि लाको छु छोरा । यसो पाखो तिर आली कान्ला भिरपाखामा डाले घाँस पनि लगाको छु । वस्तु भाउको पनि वन्दोवस्त त मिलाउनै पऱ्यो ।

जेटिए:- त्यहि त आफुलाई आवश्यक पर्ने सबै काम आफैले गर्नु पर्छ । कृषि-वन खेती प्रणाली अपनायो भने हामी कृषकलाई धेरै फाइदा हुन्छ आमा ।

बुढी :- वातावरण पनि सफा स्वच्छ हुन्छ रे, रुख विरुवाको पात झरेर मल वन्छ रे हैन छोरा ?

जेटिए:- हजुर, हो आमा

बुढी :- लौ त छोरा आज मलाई पनि अलि हतार छ जान्छु पनि ..

जेटिए:- लौ त नमस्कार आमा

बुढी :- नमस्कार

# के तपाईलाई थाहा छ ?

**प्राकृतिक विविधताबाट लिन सकिन फाइदाहरु**

१) करेलाबाट मधुमेहको उपचार:- भारतीय वायोकेमिष्ट पुष्प खन्नाले हालैको एक अनुसन्धान पछि के कुरा प्रकाशमा ल्याएका छन् भने मधुमेह जस्तो रोगका लागी करेलाद्वारा बनाईएको इनसुलिन इन्जेक्सन वजारमा छिट्टै उपलब्ध हुँदैछ ।

२) वनस्पति जगतमा सिस्नुको महत्व: सिस्नुको पातमा भिटामिन ए, सी, के, बि १ बी २ तथा अन्य खनिज पदार्थ जस्तै लोहतत्व, कपर, स्यांगनिज, सल्फर, क्यालिसियम, पोटास आदि पाइन्छन् ।

यसको प्रयोगले रक्तचाप रोक्न र घाउ निको पार्न सहयोग गर्दछ । क्यान्सर रोग निको पार्न पनि सिस्नुको पातलाई प्रयोगमा ल्याइन्थ्यो । सिस्नुलाई पिसाव तथा पित्त थैलीको सुजनमा, पिसाव खोल्न, आँखाको ज्योति बढाउन पेटको जुका मार्न, सुन्ने शक्ति बढाउन र जन्डिस तथा जोर्नीको रोग निको पार्न प्रयोगमा ल्याइन्छ ।

३) पोषक तत्वको श्रोत आलु: प्रत्येक सय ग्राम आलुमा १.६ ग्राम प्रोटिन पाइन्छ । यसबाट प्रोटिन, भिटामिन 'सी' का साथै अन्य शक्तिवान पदार्थहरु पनि प्राप्त गर्न सकिन्छ ।

४) वहुवर्षीय लहरे तरकारी परवल: परवलमा प्रशस्त मत्रामा प्रोटिन भिटामिन ए, सी, क्याल्सीयम र फलाम पाईन्छ । यसको सेवनले दिमाग र हृदयका रोगीलाई धेरै फाइदा गर्दछ । यो सजिलैसित पच्दछ र यसले रक्त संचारमा सुधार पनि ल्याउँछ । यसको लहरा र पातबाट रस निकालेर औषधि पनि बनाइन्छ ।

सन्दर्भ ग्रन्थ:-
युवामन्च मासिक, २०५० भाद्र, २०४९ जेठ २०४९ असोज

संकलन कर्ता
शंकर अवस्थी
कक्षा ८
कान्तिपुर इंगलिस मा. वि.